# कोभिड-१९ बाट मृत्यु भएका मृतकका परिवारलाई राहत वितरण सम्बन्धी कार्यविधि, २०७८

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यो कार्यविधिको नाम "कोभिड-१९ बाट मृत्यु भएका मृतकका परिवारलाई राहत वितरण कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश विपद् कार्यकारी समितिले पारित गरेपछि लागू हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यकारी समिति" कर्णाली प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ सम्झनु पर्छ।

(घ) "परिषद्" भन्नाले कर्णाली प्रदेश विपद् व्यवस्थापन परिषद् सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(च) "राहत" भन्नाले कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका मृतकका परिवारका सदस्यलाई दिइने रकम सम्झनु पर्छ।

(छ) "शाखा" भन्नाले मन्त्रालयको विपद् व्यवस्थापन शाखा सम्झनु पर्छ।

(ज) "हकवाला" भन्नाले प्रचलित कानून बमोजिम मृतकको एकाघरको सबैभन्दा नजिकको व्यक्ति सम्झनु पर्छ।

३. <u>निवेदन दिनु पर्ने</u>: (१) कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका परिवारको सबैभन्दा नजिकको हकवालाले प्रदेश सरकारले उपलब्ध गराउने रु. एक लाख प्राप्तिको लागि प्रदेश भित्र र अन्य प्रदेशका अस्पतालमा मृत्यु भएकाको हकमा अनुसूची-१, होमआइसोलेशनमा बसेको अवस्थामा मृत्यु भएकाको हकमा अनुसूची-२ र विदेशमा मृत्यु भएकाको हकमा अनुसूची-३ मा उल्लेखित कागजात सहित अनुसूची-४ बमोजिमको निवेदन मन्त्रालयको शाखामा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन कार्यविधि लागु हुनु पूर्व मृत्यु भएकाको हकमा कार्यविधि लागु भएको मितिले दुई महिना तथा कार्यविधि लागु भए पश्चात मृत्यु भएकाको हकमा मृत्यु भएको मितिले तीन महिना भित्र दिइसक्नु पर्नेछ ।

कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत, नेपाल



मन्त्री

Scanned with CamScanner
Scanned with CamScanner

(३) उपदफा (२) बमोजिमको अवधि नाघेको तर कोभिड-१९ संक्रमित भई निरन्तर रुपमा अस्पतालमा उपचारको क्रममा मृत्यु भएकाको हकमा निजको मृत्यु निरन्तर उपचारको क्रममा भएको भनि अस्पतालले दिएको डेथ सर्टिफिकेट संलग्न राखी निवेदन दिन सकिनेछ।

(४) दफा ६ को खण्ड (ख) बमोजिम राहत रकम प्राप्त गर्नेको हकमा कामको सिलसिलामा कोभिड-१९ को संक्रमण भएको भन्ने व्यहोरा खुलेको निज कार्यरत स्थानीय तहको सिफारिस संलग्न राखी निवदेन दिनु पर्नेछ ।

(४) मन्त्रालयमा निवदेन दिन नसक्ने हकवालाले अनुसूचीमा उल्लेखित कागजात संलग्न राखी सम्बन्धी स्थानीय तहमा निवेदन दिन सक्नेछन् ।

(५) उपदा (४) बमोजिमको निवेदन साथ संलग्न कागजात स्थानीय तहले रकम भुक्तानीको लागि मन्त्रालयमा पठाउनु पर्नेछ ।

(६) उपदफा (१), (२), (३), (४) र (५) बमोजिमको निवेदन साथ पेश भएका कागजातको विवरण मन्त्रालयको शाखाले जाँच गरी प्राप्त भए अनुसार मन्त्रालयले राहत रकम भुक्तानी विपद् व्यवस्थापन कोषबाट गर्नेछ ।

(७) उपदफा (६) बमोजिमको राहत वितरणको विवरण अनुमोदनका लागि कार्यकारी समितिले परिषद् समक्ष पेश गर्नुपर्नेछ।

(८) उपदफा (७) बमोजिम उपलब्ध गराइएको राहतको अभिलेख शाखाले राख्नेछ।

४. <u>विवरण उपलब्ध गराउनु पर्ने</u> : कोभिड-१९ को संक्रमणवाट मृत्यु भएका मृतकको विवरण मन्त्रालयले माग गरेको समयमा सामाजिक विकास मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा निर्देशनालयले उपलब्ध गराउनु पर्नेछ।

५. <u>राहत रकमको व्यवस्था</u> : (१) कोभिड-१९ को संक्रमणवाट मृत्यु भएका मृतकका हकवालालाई उपलब्ध गराउने राहत रकम कोषमा नरहेको अवस्थामा मन्त्रालयले प्रदेश सरकार (मन्त्रिपरिषद) समक्ष कोषमा रकम जम्मा गर्नको लागि प्रस्ताव पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव स्वीकृत भएपश्चात आर्थिक मामिला तथा योजना मन्त्रालयले कोषमा आवश्यक रकमको व्यवस्था गर्नुपर्नेछ।

<u>राहत उपलब्ध गराउने</u>: कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका देहायका घरपरिवारलाई मन्त्रालयले दफा (३) बमोजिमको राहत रकम उपलब्ध गराउनेछ:-

(क) कर्णाली प्रदेशमा स्थायी बसोबास भएका,

कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल



Scanned with CamScanner

(ख) कामको सिलसिलामा कर्णाली प्रदेश भित्रका विभिन्न कार्यालय, संघसंस्था, उद्योग, कलकारखानामा कार्यरत राष्ट्र सेवक कर्मचारी, सुरक्षाकर्मी, शिक्षक, कामदार, मजदुर लगायतका नेपाली नागरिक,

(ग) कर्णाली प्रदेशमा स्थायी बसोबास भई रोजगारी तथा कामको सिलसिलामा मुलुक भित्र र बाहिर रहेका नागरिक,

७. विविध: (१) कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका व्यक्तिका घरपरिवारका हकवालालाई उपलब्ध गराउने राहत तथा अन्य विषयमा द्विविधा भएको कारण निर्णय निकास दिनु परेको खण्डमा कार्यकारी समितिले निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय प्रदेश विपद् व्यवस्थापन परिषद्ले अनुमोदन गरे पश्चात कार्यान्वयन हुनेछ।

(३) यस कार्यविधि बमोजिम कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका मृतकका हकवालालाई उपलब्ध गराइएको राहत रकमको खर्च तथा निकासा कार्यकारी समितिको सिफारिसमा परिषद्ले अनुमोदन गर्नुपर्नेछ।

## अनुसूची-१

### दफा ३ को उपदफा (१) सँग सम्वन्धित

### प्रदेश भित्र र अन्य प्रदेशका अस्पतालमा उपचारको क्रममा मृत्यु भएका मृतकका हकदारले पेश गर्नु पर्ने कागजातको विवरण

१. नेपाल सरकारले मान्यता दिएको ल्यावले प्रमाणित गरेको कोभिड-१९ संक्रमित भएको रिपोर्ट,

२. उपचारको क्रममा मृत्यु भएकाको हकमा मान्यता प्राप्त स्वास्थ्य संस्थावाट जारी भएको कोभिड्-१९ वाट संक्रमणको कारण मृत्यु भएको भन्ने व्यहोरा खुलेको प्रमाणपत्र

३. स्थानीय तहले मृतकको हकवाला हो भनि प्रमाणित गरेको नाता प्रमाणित,

४. मृत्युदर्ताको प्रमाणपत्र,

५. सम्वन्धित स्थानीय तहको सिफारिस,

६. राहत रकम दावीकर्ताको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

७. राहत रकम हकवालाको खाता नम्वर स्पष्ट देखिने वैंक खाता नम्वरको प्रतिलिपी,

८. राहत दावी कर्ताको निवेदन ।

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

मन्त्री

Scanned with CamScanner

Scanned with CamScanner

अनुसूची-२

दफा ३ को उपदफा (१) सँग सम्वन्धित

## कोभिड-१९ बाट संक्रमण भई होम आइसोलेसनको क्रममा मृत्यु भएका मृतकका हकदारले पेश गर्नु पर्ने कागजातको विवरण

१. नेपाल सरकारले मान्यता दिएको ल्यावले प्रमाणित गरेको कोभिड-१९ संक्रमित भएको रिपोर्ट,

२. कोभि-१९ को संक्रमित भइ होम आइसोलेशन कै क्रममा मृत्यु भएकाको हकमा स्वाव संकलन भएको मितिले तीन महिनाभित्र मृत्यु भएको भए निजको मृत्यु विपद्जन्य अन्य घटना वा हत्या वा आत्महत्या वा अन्य रोगको कारण मृत्यु भएको नदेखिएकोले मृतकका परिवारले कार्यविधि बमोजिमको राहत रकम पाउनु पर्ने भनि स्थानीय तहले गरेको सिफारिस ।

३. स्थानीय तहले मृतकको हकवाला हो भनि प्रमाणित गरेको नाता प्रमाणित,

४. मृत्युदर्ताको प्रमाणपत्र,

५. सम्वन्धित स्थानीय तहको सिफारिस,

६. राहत रकम दावीकर्ताको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

७. राहत रकम हकवालाको खाता नम्वर स्पष्ट देखिने वैंक खाता नम्वरको प्रतिलिपी,

८. राहत दावी कर्ताको निवेदन ।

कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल



Scanned with CamScanner

अनुसूची-३

दफा ३ को उपदफा (१) सँग सम्बन्धित

काम सिलसिलामा विदेशमा रही कोभिड-१९ बाट मृत्यु हुने मृतकका हकवालाले पेश गर्नु पर्ने कागजातको विवरण

१. नेपाल सरकारले मान्यता दिएको ल्यावले प्रमाणित गरेको कोभिड-१९ संक्रमित भएको रिपोर्ट,

२. उपचारको क्रममा मृत्यु भएको भनि मृतक रहेको काम गर्ने मुलुकको कुनै अस्पतालले कोभिड-१९ बाट संक्रमणको कारण मृत्यु भएको भन्ने व्यहोरा खुलेको प्रमाणपत्र,

३. स्थानीय तहले मृतकको हकवाला हो भनि प्रमाणित गरेको नाता प्रमाणित,

४. मृत्युदर्ताको प्रमाणपत्र,

५. सम्बन्धित स्थानीय तहको सिफारिस,

६. राहत रकम दावीकर्ताको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

७. राहत रकम हकवालाको खाता नम्बर स्पष्ट देखिने बैंक खाता नम्बरको प्रतिलिपी,

८. राहत दावी कर्ताको निवेदन ।

कर्णाली प्रदेश सरकार ... मामिला तथा कानून ... वीरेन्द्रनगर, सुर्खेत

मन्त्री



Scanned with CamScanner

Scanned with CamScanner

अनुसूची -४

दफा ३ को उपदफा (१) सँग सम्वन्धित

निवदेनको ढाँचा

मितिः.................

श्रीमान् सचिवज्यू

आन्तरिक मामिला तथा कानून मन्त्रालय,

सुर्खेत ।

बिषयः राहत रकम उपलब्ध गराइदिने सम्बन्धमा।

महोदय,

सेवामा निवेदन गर्नाको कारण.............जिल्ला....................न.पा/गा.पा. वडा नं........वस्ने मेरो पति/पत्नि/आमा/वुवा/छोरा/छोरी/वाजे/वज्यै/नाती/नातिनी/भतिज/भतिजी.......... नाता पर्ने बर्ष.....को मृतक......................................को कोरोना पोजेटिभ भएका कारण मिति २०७ । । गते .............स्वास्थ्य संस्था/आफ्नै घरमा मृत्यू भएका कारण कर्णाली प्रदेश सरकारको निर्णयानुसार राहत स्वरुप पाउनु पर्ने रकम रु.एक लाख मात्र उपलब्ध गराई पाउँ भनि निम्न लिखित कागजात सहित यो निवेदन पेश गरेको छु । व्यहोरा साँचो हो,फरक परे प्रचलित कानून वमोजिम सहुला ÷बुझाउँला।

निवेदक

नाम :

ठेगाना :

दस्तखत :

ना.प्र.प.नं. :

मोवाइल नं. :

मन्त्री



Scanned with CamScanner

Scanned with CamScanner